# REGIONAL NEWS
# ALL INDIA RADIO GANGTOK
# NEPALI NEWS

18:40 hrs 06.08.2024

## बजट सेसन एसेमली

राज्य विधानसभाको बजट सत्रको दोस्रो दिन आज सदनले हिजो प्रस्तुत गरिएका तीनवटा विधेयकहरूलाई वहसबिनै पारित गर्यो।

मुख्यमन्त्री श्री प्रेमसिंह तामङले हिजो सिक्किम अदालत शुल्क तथा दस्तोवेज स्ट्याम्प संशोधन विधेयक 2024 र सिक्किम अनलाइन गेमिङ नियमन संशोधन विधेयक 2024 अनि पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री छिरिङ थेण्डुप भुटियाले सिक्किम पर्यटक व्यापार पञ्जीकरण विधेयक 2024 प्रस्तुत गर्नुभएको थियो।

सिक्किम अदालय शुल्क तथा दस्तावेज स्ट्याम्प संशोधन विधेयक 2024मा पारम्परिक कागज टिकटहरूको सुविधाजनक विकल्प उपलब्ध गराउने प्रावधान छ।

ई स्ट्याम्पिङको अवधारणा इलेक्ट्रोनिक रूपमा स्ट्याम्प शुल्कको भूक्तानलाई आधुनिकीकरण गर्ने तरीका हो जसको कानूनी स्थिति उपकरणहरूमा छापिएको परम्परागत टिकटहरू सरह हुनेछ।

सिक्किम अनलाइन गेमिङ नियमन संशोधन विधेयकको उदेश्य राज्यमा अनलाइन गेमिङ र स्पोर्ट गेमिङको संचालनलाई बिनियमित गर्नु रहेको छ।

यसै गरी देशमा सिक्किमलाई मनपर्दो पर्यटक गन्तव्यस्थल बनाउनका लागि सबै हितधारकहरू सुरक्षा गुणवत्ता र गुणात्मक सेवाको स्तर कायम राखेको सुनिश्चित गर्न पर्यटन सम्वन्धी क्रियाकलापहरूको विनियमनका लागि कानुनी परिधि तय गर्ने उदेश्यले सिक्किम पर्यटक पजीकरण व्यापार विधेयक 2024 ल्याइएको हो।

सदनमा आज  वित्तमन्त्री श्री प्रेमसिंह तामङले प्रस्तुत गर्नुभएको अतिरिक्त अनुदान मांग 2015-1016 का निम्ति सिक्किम विनियोग विधेयक 2024 पनि पारित भयो।

विधानसभाले राज्यपालको अभिभाषणमाथि धन्यवाद प्रस्तावलाई पनि कुनै बहसबिना पारित गर्यो।

बैठकको आरम्भमा राज्य विधानसभाका पूर्व सदस्य सोनाम ग्याछो भुटिया, सिक्किमका पूर्व सांसद पहलमान सुब्बा र विधानसभाका पहिलो उपाध्यक्ष रामचन्द्र पौड्यालको निधनमा शोक प्रकट गरियो।

बर्फुङ समष्टिका पूर्व विधायक सोनाम ग्याछो भुटियाप्रति पूर्व विधायक सोनाम ग्याछो भुटियाप्रति श्रध्यासुमन अर्पण गर्दै विधानसभा अध्यक्ष श्री सोनाम ग्याछो भुटिया जनसेवाप्रति उहाँको समर्पणको उल्लेख गर्नुभयो।

आफ्नो शोक अभिव्यक्तिमा मुख्यमन्त्री तथा सदनका नेताले विकास, शिक्षा र स्वास्थ्य..... बढ़ाउने दिशातर्फ पूर्व विधायकको अथक प्रयास रहेको कुरो बताउनुभयो। श्री सोनाम ग्याछो भुटियाको निधन यसै वर्ष उन्तीस मईमा भएको थियो।

पूर्व लोकसभा सांसद श्री पहलमान सुब्बाप्रति श्रध्यासुमन अर्पण गर्दै राज्यविधानसभा अध्यक्षले भन्नुभयो आफ्नो समुदायको विकासप्रति प्रतिवर्ष पहलमान सुब्बाको दुर्दर्शी नेतृत्व क्षमताबारे प्रकाश पार्नुभयो। मुख्यमन्त्रीले सिक्किमको प्रगति तथा विकासमा श्री सुब्बाले उल्लेखनीय योगदान रहेको जानकारी दिनुभयो उहाँको निधन गत छब्बीस जूनमा भएको थियो।

पूर्व मंत्री तथा सिक्किम विधानसभाका पहिलो उपाध्यक्ष श्री रोमचन्द्र पौड्याललाई प्रभावशाली नेता बताउँदै विधानसभाले अध्यक्षले भन्नुभयो सिक्किमलाई भारको पूर्ण राज्य बनाउनमा श्री पौड्यालको प्रयास उल्लेखनीय छ।

मुख्यमन्त्रीले प्रजातान्त्रिक सुधार ल्याउनमा अनि आफ्नो सिध्यान्तप्रति प्रतिवद्ध रहेर सिक्किमिको राजनीतिक र सामाजिक विकासमा श्री रामचन्द्र पौड्यालको योगदान अविस्मरणीय रहने कोर बताउनुभयो।

राज्य विधानसभाकी उपाध्यक्ष श्रीमती राजकुमारी थापा, मन्त्रीहरू श्री राजु बस्नेत र श्री भीमहाङ लिम्बु अनि बर्फुङ समष्टिका विधायकहरूको पनि शोर सम्वेदना प्रस्तुत गर्नुभयो।

त्यसपछि दिवंगतहरूको आत्मशान्तिको कामना गर्दै दुई मिनट मौन धारण गरियो।

## एल एस पिएम-केआईएसएएन

केन्द्रले पीएम किसान सम्मान निधि.. योजना अन्तर्गत एघार करोड़ भन्दा अधिक लाभार्थी कृषकहरूलाई अहिलेसम्म तीन लाख चौविस हजार करोड़ रूपियाँ वितरण गरिएको छ।

लोकसभामा एउटा लिखित उत्तरमा केन्द्रीय कृषि तथा कृषक कल्याण राज्य मन्त्री श्री रामनाथ ठाकुरले यस्तो आशयको जानकारी दिनुभयो।

उहाँले भन्नुभयो अहिलेसम्म प्रत्यक्ष लाभ हस्तान्तरणको माध्यमद्वारा लाभार्थीहरूलाई सत्र किश्ती जारी गरिसकिएको छ।

पीएम किसान योजना अन्तर्गत लाभार्थीहरूलाई प्रतिवर्ष छ हजार रूपियाँको वित्तीय लाभ तीन समान किश्तीमा दिइन्छ।

## मिटिङ ठाकुबाड़ी मन्दिर

गान्तोकको ठाकुरबाड़ी मन्दिर प्रबन्धनसित सम्वन्धित हितधारकहरूको एउटा बैठक जिल्ला प्रशासनिक केन्द्रमा आज बस्यो।

मन्दिरको परिचालन र अन्य गतिविधिहरूसित सम्वन्धित विभिन्न प्रशासनिक तथा विकासीय मामिलाहरूबारे चर्चा गर्ने उद्देश्यले बैठक डाकिएको थियो।

यसको अध्यक्षता गर्दै गान्तोकका जिल्लाधीश श्री तुषार निखरेले मन्दिर परिसरको नियमित व्यवस्थान गर्नुपर्ने आवश्यकतामाथि जोड़ दिनुभयो।

बैठकमा सामुदायिक संलग्नता बढ़ाउने सम्बन्धी पहलहरूबारे चर्चा गरियो।

परि प्रकाशन

परी प्रकाशन सोरेङले आफ्नो तेस्रो स्थापना दिवसदेखि परी पुरस्कार प्रदान गर्ने निश्चय गरेको छ।

साहित्यसेवी तथा साहित्यसर्जकहरूलाई प्रकाशनको स्थापना दिवस पहिलो अक्तुबरका दिन वर्षेनी आयोजन गरिने समारोहमा पुरस्कृत गरिने छ। पुरस्कार स्वरूप प्रशस्ति पत्र, अंगवस्त्र र नगद राशि प्रदान गरिनेछ।

नारी सर्जक र पुरूष सर्जक दुवै वर्गलाई भिन्नाभिन्नै रूपमा प्रदान गरिने पुरस्कारका लागि जनवरी 2020 देखि दिसम्बर 2023 सम्म प्रकाशित पुस्तकहरू चयन हुनेछन्।

यसका लागि परिचय प्रमाणपत्र हुने सिक्किमका साहित्यकारले पत्रपत्रिका, जर्नल र सम्पादित कृतिवाहेक आफ्नो कुनै पनि विधाका मौलिक कृतिको चार प्रति सोरेङ स्थित परी प्रकाशनको कार्यालयमा आँउदो बीस अगस्तसम्म पठाउनुपर्नेछ।

गभर्नर

सीमा  सड़क संगठन अन्तर्गत परियोजना स्वस्तिकका ब्रिगेडियर मनोज गुप्तले आज राजभवनमा राज्यपाल श्री ओम प्रकाश माथुरसित शिष्टाचार भेट गर्नुभयो।

भेटघाटका बेला उहाँले राज्यपाललाई सीमा सड़क सगठन बिआरओ द्वारा गरिएका विभिन्न गतिविधिहरूबारे अवगत गराउनुभयो।